भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना

**आज अन्तराष्ट्रिय श्रमिक महिला दिवस !!**

यस अवसरमा सम्पूर्ण नारी जातिको सम्मान, हक र अधिकारको लागि लड्ने अनतराष्ट्रिय नारी व्यक्तित्वहरु, रोजा लग्जमवर्ग,क्लारा जेटकिन, जेनी माक्स आदी नेतृहरुको स्मरण गर्दै न्यापूर्ण मुक्ति आन्दोलनमा लड्नु हुने मुक्तिकामी महिलाहरु, नेपाली जनयुद्ध र जनआन्दोलनमा जीवनको बाजी लगाउने बिरङ्गनाहरुको सम्झना र सम्मान गर्दै ११४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च २०२४ को शुभकामना व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले सुनिश्चित गरेअनुरुप महिलाहरुको हकलाई मौलिक हक अधिकारको रुपमा ग्रहण गर्दै कार्यन्वयन गर्न सम्पूर्ण नेपाली नारीहरुमात्र नभएर सम्पूर्ण पुरुष नागरिकहरुले पनि हातेमालो गर्ने कुरा सबैको कर्तव्य हुन आउँछ । आजको सन्दर्भमा नेपालको संविधान २०७४ ले प्रदत्त गरेका हक अधिकारको संरक्षण, पालना र कार्यन्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारहरुमा प्रतिनिधित्व गर्ने महिला जनप्रतिनिधिज्यूहरुको शसक्त र नेतृत्वदायी भूमिका अपरिहार्य छ । दोस्रो तर्फ महिला अधिकारवादी संघ संस्था, महिला संञ्जाल र संगठनहरुको पनि उत्तिकै सचेतनामूलक र पैरवीपूर्ण भूमिका झन बलियो हुनुपर्नेछ । यसरी प्राप्त अधिकारहरुलाई सुनिश्चित गर्दै समानता, समावेशीता र महिला शसक्तिकरणको अभियानमा प्रगतिका आयामहरु थपिदै जाउन् भन्ने शुभेच्छा सहित पुन: सम्पूर्ण विश्वव्यापी नारीहरु प्रति ११४ औं श्रमिक महिला दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !
२५ फागुन २०८०

.................................
**( होम प्रकाश श्रेष्ठ )**
**अध्यक्ष**
**भूमे गाउँपालिका रुकुम ( पूर्वी भाग), लुम्बिनी प्रदेश नेपाल**